## नेपालका तृतीय संघनायक

# दिवंगत भिक्षु अनिरुद्ध महास्थविर



### संक्षिप्त

# एक परिचय

लेखक तथा सम्पादक
भिक्षु पियदस्सी

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

नेपालका तृतीय संघनायक

# दिवंगत भिक्षु अनिरुद्ध महास्थविर

संक्षिप्त

# एक परिचय

लेखक तथा सम्पादक
भिक्षु पियदस्सी

Downloaded from http://dhamma.digital

## कृतज्ञता

यस पुस्तकलाई दुई भागमा विभाजन गरि लेखन तथा सम्पादन गरेको छु। पहिलो दिवंगत भिक्षु अनिरुद्ध महास्थविरको जीवनी र दोस्रो नेपाली विहारका विशेषताहरु छन्। भिक्षु जीवन अति महत्वपूर्ण र संघर्षशील जीवन हो। मानव धर्मलाई विवेचना गर्ने क्रममा भगवान गौतम बुद्धले आफ्नो जीवनको ४५ वर्ष खर्चनु भएको थियो। विभिन्न किसिमका बाधा,अवरोधलाई पार गर्नु भएको थियो। अन्तिममा ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनु भयो। त्यस्तै नेपालका तृतीय संघनायक भिक्षु अनिरुद्ध महास्थविरले पनि आफ्नो बाल्यकालको ८-९ वर्ष बाहेक सम्पूर्ण समय बुद्ध धर्ममा समर्पण गर्नु भएको थियो। विभिन्न भाषाका ज्ञाता भिक्षु अनिरुद्ध महास्थविरले लुम्बिनीको विकासका लागि पनि महत्वपूर्ण योगदान दिनु भएको थियो। लुम्बिनीबासीका "बड्का बाबा" भिक्षु अनिरुद्धले ककरहवादेखि लुम्बिनीसम्म बाटो बनाउने, पानीको व्यवस्था गर्ने जस्ता महत्वपूर्ण योगदान गर्नु भएको थियो। गाउँ गाउँमा धर्म प्रचारको क्रममा विभिन्न किसिमका कठिनाईहरुको सामना गर्नु परेता पनि आफूले दानबाट पाएका सामानहरु गाउँ गाउँमा बाड्नु हुन्थ्यो। यस्ता महान व्यक्तित्वको जीवनीलाई पुस्तकको रुप दिन पाएकोमा मलाई अति नै गौरवको अनुभूति भएको छ।

सन् १९९१ तिर लुम्बिनीबाट काठमाडौंको आनन्दकुटी विहार मा पाल्नु भएका भिक्षु अनिरुद्ध महास्थविरले विभिन्न समयमा विभिन्न किसिमका धार्मिक कार्य गर्दै आउनु भएको थियो। त्यसै सिलसिलामा काठमाडौंको पश्चिम भेगमा अवस्थित चन्द्रगिरि डाँडाको काखमा रहेको मातातीर्थमा आफ्नो माताको नाममा एउटा विहार निर्माण पनि गर्नु भएको थियो र आफ्नो जीवनको अन्तिम समय त्यही मातातीर्थ विहारमा नै विताउनु भयो। स्थानीय उपासक उपासिकाहरुको मन जित्न सफल भिक्षु मिलनसार र सोझो भएकोले सबै उपासक

Downloaded from http://dhamma.digital

उपासिकाहरुले अति आदर गर्दथे ।

८८ वर्षको उमेरमा अनित्यताको बोध गराई यस संसारबाट बिदा हुनु भएका भिक्षु अनिरुद्धको "भगवान बुद्ध त ८० वर्ष बाँच्नु भयो तर म ८८ वर्ष पुगि सकें" जस्ता वाक्यहरुले उहाँको बुद्ध्यौलीपन आभाष हुन्थ्यो ।

र, बुद्ध धर्ममा उहाँको लगाव, बुद्ध शिक्षा हासिल गर्न झेल्नु परेको समस्या र शिक्षा हासिल गरेपछि गर्नु भएको योगदानलाई यस पुस्तकमा सकेसम्म समावेश गर्ने कोशिश गरेको छु । त्यसमा पनि केही कमी कमजोरी भएको खण्डमा औल्याई दिनु हुन म सविनय अनुरोध गर्न चाहन्छु ।

त्यस्तै दोस्रो भागमा नेपाली विहारका विशेषतालाई समोवश गरेको छु । जुन भिक्षु सुदर्शन महास्थविरले लेख्नु भएको थियो । नेपालमा प्राचिन विहारहरुको बारेमा लेखिएको यो लेखलाई नेपाल बौद्ध परियत्ति शिक्षाको सद्धम्म पालक तहमा समावेश गरिएको छ । यो लेख दुर्लभ हुँदै गएकोले यस लेखलाई यस पुस्तकमा समावेश गरि फेरी जिउँदो बनाउने कोशिस गरेको छु । विद्यार्थीहरुलाई अति महत्वपूर्ण हुनुका साथै सम्पूर्ण उपासक उपासिकाहरुले पनि विहारको किसिम, महत्वलाई जान्ने मौका पाउने छ भन्ने आशा लिएको छु ।

अन्त्यमा,

यस पुस्तक लेखन कार्यमा सहयोग लेखहरु दिई सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुलाई साधुवाद । त्यस्तै पुस्तक छाप्न आर्थिक सहयोग गर्नु हुने बौद्ध अध्ययन पुचः परिवार, बलम्वुलाई म साधुवाद दिन चाहन्छु । उहाँहरुको हौसलाले नै यो पुस्तक तयार पार्ने काम भएको छ । त्यस्तै पुस्तक तयार पार्न र पुस्तकको रुप दिन सहयोग गर्नु हुने सुरेश नकर्मीलाई विशेष धन्यवाद सहित साधुवाद दिन चाहन्छु ।

भिक्षु पियदस्सी

२०६८ फागुन २, मंगलबार

Downloaded from http://dhamma.digital

# परिचय

नेपालमा स्थविरवाद बुद्ध-धर्म पुनरुत्थान गर्नमा अग्रणी भूमिका निभाउनु भएका प्रमुख व्यक्तिहरुमा भिक्षु अनिरुद्ध महास्थविर पनि एक हुनुहुन्छ।

उहाँको जन्म २८ मार्ग १९७२ तदनुसार दिसम्बर १९१५ का दिन पिता दशरत्न तुलाधर (बारा साहू) र माता दिव्यलक्ष्मी तुलाधरको माहिलो पुत्रको रुपमा असनको धालासिक्वमा भएको थियो। माता-पिताले उहाँको नाम "गजरत्न" राख्नु भएको थियो।

आफ्नो प्रारम्भिक शिक्षा घरैमा पाउनु भएका गजरत्नले ८ बर्षकै उमेरमा आमा निधन हुन गएबाट पिताका साथ बि. स. १९७८ सालमै पहिलोपटक ल्हासा (तिब्बत) जानुपरेको थियो तर उहाँ बालसुलभ चञ्चल र उद्दण्ड स्वभाव हुनाको कारण पिता दशरत्न तुलाधरले आफ्नो पुत्रलाई बनारसको सेन्ट्रल हिन्दू बोर्डिङ्ग स्कुलमा भर्ना गरिदिनु भयो। यस स्कुलमा दुई वर्षको अध्ययनकाल मै गजरत्नको बानी सुध्रिएको कारण पिताले विद्याको महत्त्व थाहा पाउनुभयो, तर त्यस स्कुलमा ३ बर्ष नै अध्ययन गर्न नपाउँदै ल्हासाबाट पिताको पत्र आएकोले गजरत्नले वि.स. १९८१ सालतिर आफ्ना एक परिचतसित दोस्रोपटक तिब्बत यात्रा गर्नुभयो।

त्यसपटकको ल्हासा निवासकाल उहाँले डेढ-दुई महिनामात्र बिताउन पायो किनभने पिता दशरत्न तुलाधरले आफ्नो व्यापारी काम त्यस अवधिभित्रै सिध्याई त्यही साल (वि.सं १९८१) मै नेपाल फर्केका थिए।

दशरत्न तुलाधरको कान्छो पुत्र त्रिरत्न तुलाधर आमा



Downloaded from http://dhamma.digital

दिव्यलक्ष्मीको निधनको बेला ६ महिनाको मात्र थियो। अतः उनलाई सानैदेखि हजुरआमाकहाँ राखेको थियो। दशरत्न तुलाधर वि. सं. १९८१ (सन् १९२४) मा ल्हासाबाट पुत्रलाई लिई फर्केको बेलामा पनि कान्छो पुत्र हजुरआमाकहाँ नै थियो। असन धालासिक्वमा उनका पिता र पुत्र गजरत्न केही महिनामात्र रहेका थिए। दशरत्न तुलाधरलाई अन्य गृहस्थहरुकाबीच रहने इच्छा नभएको कारण केही समय अगाडिदेखि जीर्णोद्वार कार्य भइरहेको किन्डोल विहारमा बस्नुभएको थियो। त्यस विहारको जीर्णोद्वार कार्यमा साहू दशरत्न आफुले ल्हासाबाट १० वटै औंलामा लगाएर आएको सुनको औंठी सम्पूर्ण खर्च गरेको थियो।

दशरत्न साहू र उहाँको पुत्र गजरत्न किन्डोल विहारमा रहन आउनु भएको बर्ष दिनपछि त्यहाँ पुजारीको काममा रहँदै आएका द्यःपालाः (देवपालक) अतिसारो रोगले निधन हुन गयो। यद्यपि त्यस पुजारीलाई गजरत्नले असाधारण रुपमा सेवा-सुसार गरेको थियो। ठिमीका त्यस शाक्य पुजारीको निधनपछि दशरत्न तुलाधरले भक्तपुरका मञ्जुहर्ष नामका एक घ्येलुंलाई नमोबुद्धबाट किन्डोल विहारमा ल्याई पुजारीको काम सुम्पे। मञ्जुहर्ष न्यूनब्रत (पहिलो दिन एक छाकमात्र खाएर दोस्रो दिन थुक समेत ननिलि कोहिसँग पनि नबोलि बस्ने ब्रत) चलाउनमा खप्पिस थिए। अतः उहाँले आफ्नो आगमनकालदेखि नै किन्डोल विहारमा न्यूनव्रत चलाउँदै आएका थिए।

एकदिन उहाँ (मञ्जुहर्ष) का परिचित बौद्धमा रहेका



Downloaded from http://dhamma.digital

सेराप दोर्जे लामा किन्डोल विहारमा आउनु भएको थियो । लामा कहाँ (बौद्धमा) भारतका एक सन्यासी रामोदर (पछि राहुल साँकृत्यायन) तिब्बत-यात्राको निमित्त उहाँसँगै जाने आसयले शरण लिईरहेका थिए । लामाज्यूलाई किन्डोल विहारमा निम्त्याएको कारण रामोदर साधु पनि किन्डोल विहार आइपुगे । तर रामोदर साधुलाई किन्डोल विहारमा रहिरहनु जोखिमपूर्ण थियो । किनकी उहाँ गुप्तरुपमा तिब्बत पुग्नुपर्ने भारतीय व्यक्ति हुनाको कारण आफ्नो समस्या बडो विश्वास पूर्वक दशरत्न तुलाधरलाई सुनाइएको थियो । दशरत्न तुलाधरले पनि श्रीलंकादेखि तिब्बत यात्राको निमित्त आउनुभएका त्रिपिटकाचार्य रामोदर साधुलाई हरतरहले मद्दत गर्ने विचार गरे । उहाँलाई किण्डोल कै एउटा एकान्त घरमा केही दिन वास दियो । त्यस समयमा साधुलाई दशरत्न तुलाधरले उहाँलाई खाना प्रबन्ध गराउने जिम्मा गजरत्नलाई दिएको थियो ।

यसैबेला रामोदर साधुले गजरत्नलाई बुद्ध-धर्मको अध्ययन गर्ने इच्छा बृद्धि गराई श्रीलंका जान सल्लाह दिएका थिए । यसै विषयमा रामोदर साधुले श्रीलंकामा रहेका आफ्ना अभिन्न मित्र भद्दन्त आनन्द कौशल्यायन (सन् १९०५-८८) लाई पत्र समेत लेखिएको थियो । तर गजरत्नका पिता दशरत्न तुलाधरलाई यस बारे केही थाहा थिएन । केही दिन पछि दशरत्नले त्यस साधुलाई हेलम्बुसम्म छोडेर आउनु भएको थियो ।

रामोदर साधुलाई हेलम्बुमा छोडेर आएको (११ अप्रिल १९२९) डेढ-दुई महिनापछि दशरत्न तुलाधर पुत्र गजरत्नलाई साथलिई



Downloaded from http://dhamma.digital

आसाममा व्यापार गर्न जानको निमित्त कलकत्ता पुग्नुभयो। पुत्रलाई कलकत्तामा उनकै मामा महाधर साहूकहाँ राखी आफु अन्य दुईजना मित्र साथलिई आसाम जानुभयो।

गजरत्नलाई पनि रामेदर साधुले श्रीलंकामा अध्ययन गर्न जाने सल्लाह दिएदेखि उनी कलकत्ता पुग्ने धूनमा थिए। संयोगवश पिताले डेढ-दुई महिनापछि नै कलकत्ता पुऱ्याई दिए। दशरत्न आसाम जानु भएपछि गजरत्न पनि श्रीलंका पठाई दिन मामालाई ढिपि गर्न थाले। तर मामाले पिताको अनुमति विना आफुले श्रीलंका पठाउन नसकिने कुरो बताए। यसैको जोशमा गजरत्नले अनेक तरह (खानापिना छोड्नु, जहाँतहीं जानु, रूवावासी गर्नु आदि) ले सताएको कारण यस बारे दशरत्नलाई पत्र पठाए। पत्र पुगेको भोलि पल्टै दशरत्न कलकत्ता आइपुगे र पुत्रको जिद्दी स्वभावलाई सम्झाउन नसकिएपछि उनलाई श्रीलंका जान आवश्यक प्रबन्ध गरिदिने आदेश महाधर साहूलाई दिई दशरत्न पुनः आसाम फर्के।

गजरत्नले पनि संयोगवश कलकत्ताबाट श्रीलंका फर्कन लागेका शरणंकर नामक भिक्षुसित सम्पर्क भयो। फलस्वरुप उनी सजिलैसित श्रीलंका पुगे। भिक्षु सरणंकर कहाँ गजरत्नले सिंहली भाषा अध्ययन गरिरहेको बेला एक दिन भद्दन्त आनन्द कौशल्यायन त्यस विहारमा आइपुगे। श्रीलङ्काली जस्तो नदेखिएको बालकलाई देखी सोधपुछ गरी हाले। भद्दन्त आनन्द कौशल्यायनले स्पष्ट जानकारी पाएपछि रामोदर साधुको पत्रानुसार गजरत्नलाई विद्यालंकार परिवेणमा लगी आवश्यक प्रबन्ध गरिदिए।



Downloaded from http://dhamma.digital

गजरत्नले पुनः भद्दन्त आनन्द कौशल्यायनको छत्रछायाँमा रही केही समय अध्ययन गर्ने मौका पाए । उहाँ विद्यालंकार परिवेणमा आउनु भएको केही महिनापछि वि. सं. १९८६ सालको अन्त (सन् १९३० को शुरु) मा विद्यालंकार परिवेणका प्रधानाचार्य लु. धम्मानन्द महास्थविर (सन् १८६९-१९४५) को आचार्यत्वमा प्रब्रजित भई "श्रामणेर अनिरुद्ध" हुनुभएको थियो ।

श्रामणेर अनिरुद्ध श्रीलङ्कामा ५ बर्षसम्म सिंहली, पालि, संस्कृत र अंग्रेजी आदि भाषा अध्ययन पछि भारतमा ऊ चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को दर्शनार्थ आउनुभयो । त्यस अवधि (५ वर्ष) भित्रमा उहाँको पिता दशरत्न तुलाधर पनि नेपालमा बुद्ध-धर्म उत्थानको लागि ऊ चन्द्रमणि महास्थविरकै अनुकम्पाबाट प्रबज्या एवं उपसम्पदा (सन् १९३४) समेत प्राप्त गरी "भिक्षु धम्मालोक" भइसकेको थियो ।

भिक्षु ऊ. चन्द्रमणि महास्थविरले बुद्ध-धर्मको गहन अध्ययनको निमित्त श्रामणेर अनिरुद्धलाई एक अन्य शिष्य प्रज्ञाभिवंशका साथ सन् १९३६ मा बर्मा पठाउनु भयो । बर्माको मोलमिन्स्थित "ताउँ-ताउँ-च्याउँ" विहारका प्रमुख आचार्य ऊ. चक्कपाल महास्थविर (सन् १८८०-१९५३) को उपाध्यायत्वमा सन् १९३७ मा श्रामणेर अनिरुद्ध उपसम्पन्न भई "भिक्षु अनिरुद्ध" हुनु भएको थियो ।

भिक्षु अनिरुद्ध बर्मामा अध्ययरत भई रहेको बेला दोस्रो विश्वयुद्धको प्रारम्भ (सन् १९३९) भयो जसले गर्दा त्यसताका बुद्ध-धर्म अध्ययन गर्न मोलमिन्को उक्त विहारमा आइपुगेका अन्य नेपाली भिक्षु बुद्धघोषले पनि युद्धको मार सहनुपरेको थियो । उहाँहरु



Downloaded from http://dhamma.digital

दुवै जनाले विश्वयुद्धको कारण सहनु परेको दुःख कष्टलाई भिक्षु अनिरुद्धले १८ जनवरी १९४६ मा लोकरत्न तुलाधरलाई पठाएको एउटा पत्रमा उल्लेख गरिएको थियो । जुन पत्रको केही अंश निम्न थियो -

"........ मेता खँ साहुजी थन प्यदँ तलक्क (तक्क) लडाईयागु हुले लाना हरेक पाखें अने-अनेकगु दुःख कष्टसिया उखेंथुखें गामे जंगले बिस्युं वना बल्लं थवगु प्राण रक्षा यानाव च्वनागु जुल । आः आमखे पाखे वयेगु लँ खुले जुइ साथ तुरुन्त वये धैगु विचार यानाच्वना, लँ खुले जुइत हानं निला पिलाति बिते जुइगु सम्भव दु । उगु बखले लँ खर्चया लागी दाँ भचा छोया हया दिगु कृपा याना दी माला । ..........."

अर्थात्- "अन्य कुरा, साहुजी । यहाँ ४ बर्ष सम्म लडाइको कारणले हरेक तर्फबाट अनेक दुःखकष्ट यता-उता गाउँ जंगलमा भागी बल्ल आफ्नो प्राण रक्षा गर्दैछु । अब त्यतातिर आउने बाटो खुल्ला हुनासाथ तुरुन्त आउने विचार गर्दैछु, बाटो खुल्ला हुन फेरि दुई-चार महिना लाग्ने सम्भावना छ । त्यस बेलाको निमित्त बाटो खर्चको लागि केही रकम कृपागरी पठाईदिनु पर्‍यो ।......."

साच्चै उहाँहरु (भिक्षु अनिरुद्ध, भिक्षु बुद्धघोष एवं अन्य एक भारतीय भिक्षु अच्युतानन्द बाटो खुल्ला हुनासाथ वा विश्वयुद्ध सकिनासाथ सन् १९४६ मा स्वदेश फर्कनुभयो ।

भिक्षु अनिरुद्ध कलकत्ता पुगी यत्रतत्र केही ठाउँहरुमा चारिका गरिसकेपछि कालिम्पोङ्ग जानुभयो । त्यहाँ उहाँले दुई वर्ष भिक्षु



Downloaded from http://dhamma.digital

महानाम "कोविद" लाई **धर्मोदय** पत्रिका प्रकाशन कार्यमा टेवा दिनुभयो अर्थात् उहाँ भिक्षुहरूको सम्पादनमा **धर्मोदय** मासिक पत्रिका शुभारम्भ भयो। यही पत्रिकाको पहिलो अंक कौलाथ्व, १०६७ ने. सं. (आश्विन २००४ - अक्टोवर १९७४) मा प्रकाशित भएको थियो।

भिक्षु अनिरुद्ध कालिम्पोङ्गमा दुई बर्ष रही पत्रिकाको सम्पूर्ण जिम्मा भिक्षु महानाम "कोविद"लाई दिई बु.सं. २४९३ (वि.सं. २००६) को वैशाख पूर्णिमाको उपलक्ष्यमा कान्तिपुर आउनु भयो। यस वर्षको वर्षावास उहाँले आनन्दकुटी विहारमै बिताई पुनः भारत जानुभयो। कुशीनगरमा उहाँको भेट बर्मादेखि परिचित भिक्षु धम्मावुधसित भयो। उहाँका साथ अन्य एक भिक्षु चन्द्रसूर्य पनि थिए। संस्कृत भाषा एवं साहित्यको अध्ययनार्थ ऊ. चन्द्रमणि महास्थविरको आश्रयमा रहँदै आएका बर्मी भिक्षुले भिक्षु अनिरुद्धको साथ नेपाल भ्रमण गर्ने इच्छा व्यक्त गरे। शिवरात्रीको समय अनुकूल भएकोले भिक्षु अनिरुद्धले उहाँहरुलाई साथ लिई बि. सं. २००६ सालको शिवरात्रीको दुई दिन अगाडी काठमाडौं आईपुगे र उपत्यका एवं उपत्यका बाहिरका ठाउँहरुमा पनि भ्रमण गराए। भिक्षु अनिरुद्धका साथ विशेषतः भिक्षु धम्मावुधको यस नेपाल आगमन नेपालमा स्थविरवाद बुद्धधर्म पुनरुत्थानको इतिहासमा अनि चिर स्मरणीय हुन आउँछ किनकि केहि दिनको लागि मात्र नेपाल भ्रमण गर्न आउनु भएका उहाँहरु विशेषतः पाटनको सुमंगल विहारमा आउनु हुने उपासकोपासिकाहरुको अनुरोधमा ३ महिनासम्म त्यही विहारमा रही बुद्ध धर्मको शिक्षा दिने र अन्य वयस्क श्रोताहरुलाई



Downloaded from http://dhamma.digital

बुद्धवाद सम्बन्धी धर्मदेशना गर्ने जस्ता बुद्ध शासनिक कार्य गर्नुभए थियो। ५ मई १९४८ का दिन कलकत्ताबाट साथ ल्याउनुभए थियो। यसपटकको नारद महास्थविरको नेपाल यात्राको प्रमु घटना काठमाडौंको यटखाबहालमा उहाँलाई "नागरिक अभिनन्द पत्र" प्रदान गरिएकोलाई लिन सकिन्छ। यसै समारोहमा उपस्थि हुनुभएका तत्कालीन प्रधानमन्त्री श्री ३ मोहन शम्शेरको तर्फब सम्पूर्ण बौद्ध कर्मचारीहरुलाई वैशाख पूर्णिमाको दिन बिदाको घोष गरिएको थियो।

यस्तै भिक्षु अनिरुद्धले बर्मामा बुद्ध शासन उत्थानको निमि सम्पन्न गरिएको छट्ठ संगायना (सन् १९५४-५६) को प्रथम अन्तिम (पाँचौं) सन्निपाटमा सहभागी भई शासनिक कार्यमा अह भूमिका निभाउनु भएको थियो। नेपालमा सम्पन्न चतुर्थ विश्व बौ सम्मेलन (सन् १९५६ वि. सं. २०१३) मा धर्मोदय सभाका उपाध्यक्षको हैसियतले शासनिक कार्यमा पनि टेवा दिनुभए थियो।

भिक्षु अनिरुद्ध सन् १९४६-४७ देखि नै लुम्बिनी कपिलवस्तु संरक्षणकार्यमा लाग्नुभएको थियो। उहाँ ४५-४६ वर्षसम्म लुम्बिनी रही लुम्बिनी आउने यात्रीहरुको सेवा गर्नुभयो र लुम्बिनी वासीहरु "बड्का बाबा" बन्नुभयो। यस लामो अवधिभित्रमा उहाँ तीर्थयात्रीहरुको सुविधाको निमित्त पानी, धर्मशाला आदिको म प्रबन्ध गर्नुभएको थिएन भारतको नौगढबाट आउने तीर्थयात्रीहरु सुविधाको निमित्त ककरहवा देखि लुम्बिनीसम्मको बाटोको प्रब



Downloaded from http://dhamma.digital

न विशेषत: उहाँकै सक्रियतामा तयार भएको थियो ।

लुम्बिनीमा खानेपानीको प्रबन्धको निमित्त उहाँलाई प्रमुख हयोग संयुक्त राष्ट्र संघको तत्कालीन (सन् १९६७) महासचिव . थान्तले गरिदिनुभएको थियो । उहाँ लुम्बिनीमा भ्रमणार्थ उनुभएको बेला भिक्षु अनिरुद्धले बर्मी भाषाबाट नै वार्तालाप र्नुभएको फलस्वरुप ऊ. थान्तज्यू विशेष प्रसन्न भई लुम्बिनीमा मुख सहयोग गर्ने वचन दिए अनुरुप त्यसताका मूल समस्याको समा भएको पानीको भावलाई इन्जिनियरहरु पठाई पम्पद्वारा जमिन निबाट पानी निकाली लुम्बिनीवासी एवं तीर्थयात्रीहरुलाई पानीको मस्याबाट मुक्त गरिदिए ।

"हाजीमे आजुमा" एउटा जापानी धनाढ्य प्रत्येक वर्ष आफ्नो डाय जातिको प्रतिबिम्ब सम्झी अनिरुद्ध महास्थविरको दर्शनगर्न म्बिनी आउनु हुन्थ्यो । गाडी किन्नु भनी दान दिनुभयो । तर रुणामयी स्वभावको भिक्षुले यात्रुहरुको लुम्बिनी आगमनमा भोग्नुपर्ने थालाई सम्झनु भयो । स्वर्गीय श्री ५ महेन्द्रबाट बनाई बक्सेको जकीय बौद्ध विहारको उत्तर दिशामा एउटा धर्मशाला बनाउने चार गर्नुभयो । त्यही अनुरुप धर्मशाला बनाउने क्रममा उहाँ त-आठ वटा बयल गाडा साथ लीई काठको निमित्त जंगल पनि सिका थिए ।

समय पंचायतकालको नै थियो। विदेशी तीर्थयात्रुलाई लुम्बिनी त्र भित्र प्रवेश वापत शुल्क तिर्नु पर्ने बाध्यता प्रशासनबाट सृजना रिएको थियो । असमर्थ यात्रुलाई भन्तेज्यूबाट शुल्क तिरि लक्ष्य म्म पुऱ्याउनु हुन्थ्यो । यात्रुहरु कृतज्ञ स्वरुप आँखाबाट जलधारा



Downloaded from http://dhamma.digital

बगाउनु हुंदा भन्तेको आँखामा पनि आँसु सलबलाउँथ्यो।

दान र दया जीवनको लक्ष्य सम्झने भिक्षु अनिरुद्ध झोला भरी दानबाट प्राप्त सामानहरु बोकी आसपासका गाउँमा बाँड्न जानु हुन्थ्यो। चर्को घाम र सितलहरबाट वहाँ कहिल्यै विचलित हुनु भएन। जीवन कष्टपूर्ण छँदा पनि वहाँ लुम्बिनीको सुन्दर भविष्यको कल्पनामा मुस्कुराउनु हुन्थ्यो। अन्यथा जीवनको ४५ औं बसन्तसम्म लुम्बिनीमै बिताउनु सजिलो थिएन।

हिउँदमा त तीर्थयात्रुहरु जसो तसो भैरहवाबाट जिप, बयलगाडा वा हिंडेर पनि पुग्न सकिन्थ्यो तर यो कार्य बर्षामा तिनाउ र दानव नदीका कारण अति कठिन थियो। तसर्थ स्वदेशी तथा विदेशी तीर्थयात्रुलाई वैकल्पिक मार्गबाट लुम्बिनीसम्म पुग्न सहज होस् भनी भारतको नौगढ नाकाबाट ककरहवा हुँदै लुम्बिनी पुग्ने बाटोको मर्मत सम्भार गर्ने नेतृत्व समेत आफैले लिनु भएको थियो। जसको फलस्वरुप श्रीलंका, बर्मा, भारतका तीर्थयात्रुहरु उक्त मार्गबाट आउने क्रममा बृद्धि हुन थाल्यो। लुम्बिनीको संरक्षण र सम्बर्द्धन नै आफ्नो उद्देश्य बोकेका भिक्षु अनिरुद्धबाट मायादेवी-सिद्धार्थ जन्मस्थानलाई बुझिने देखिने संगमरमरको छुट्टै मूर्ति पनि आफ्नै पहलमा स्थापना गर्नुभयो, जुन हाल विद्यमान रहेको छ, साथै दिनानुदिन क्षति हुँदै गई रहेको मायादेवीको प्रस्तर र ढुङ्गाको मूर्तिलाई संरक्षण गर्न सिसाको फ्रेम हाल्नु भएको थियो। अशोक स्तम्भको संरक्षण त्यसमा उल्लेखित लिपिलाई विभिन्न भाषाबाट अनुवादन गर्नु भै प्रचार कार्यमा लाग्नु भयो। सोभियत बौद्ध संघबाट प्राप्त



Downloaded from http://dhamma.digital

रेफ्रिजिरेटर स्थानीय स्वास्थ्य केन्द्रलाई दान दिनुभयो । मायादेवी मन्दिरको आसपासमा भएका आँपका बोट विरुवाहरु उहाँकै देन हुन् । वहाँको दया, करुणाको छाँया अझै त्यहाँ जाने प्रत्येक तीर्थयात्रुबाट उपभोग गर्न पाउनु हुनेछ ।

सधैं बौद्धहरुको समस्यालाई प्राथमिकता दिनु हुन्थ्यो । फलस्वरुप वहाँबाटै महायानी पद्धतिको चैत्य मायादेवी क्षेत्रमा बनाउनु भएको थियो । दुई दर्जन भन्दा बढि पुस्तकको लेखन, अनुवादन तथा प्रकाशन गर्नु भएका उहाँ नेपाली, नेपाल, सिंहली, हिन्दी, बर्मेली आदि भाषाका ज्ञाता पनि हुनुहुन्थ्यो । उहाँबाट प्रकाशित ग्रन्थहरुमा धम्मपद अट्ठकथा (भाग १ देखि ८ सम्म), लोकनीति (पालि गाथा संग्रह), महोसध जातक, धर्मचक्र सुत्र, सेवाया मूलमन्त्र, रसवाहिनी, विपस्सनादीपनी आदि ग्रन्थहरु नेपाल तथा नेपाली भाषामा लेखेका थिए । भिक्षु अनिरुद्धले नव नालन्दा विश्व विद्यालयबाट देवनागरी लिपीमा त्रिपिटक लेखन गर्ने कार्यमा आफ्नो अमूल्य योगदान दिनु भएको थियो । मानवीय कल्याणका संघ संस्थालाई समय-समयमा आर्थिक सहयोग गर्नुहुन्थ्यो । वहाँबाट विशिष्ट प्रकारमा शासनिक तथा राष्ट्रलाई दिएको योगदानको कदर स्वरुप श्रीलंकाको अमरपुर निकायका भिक्षु महासंघले सन् १९९५ मार्च ३ मा "बुद्ध जन्म भूमि ज्योतिक शासन कीर्तिश्री", बर्मा सरकारको तर्फबाट सन् १९९८ मार्च १२ मा "अग्ग महासद्धम्म ज्योतिक धज" नामक उपाधि प्रदान गरियो । त्यस्तै २०५४ कार्तिक ८ गतेका दिन पूज्यवर द्वितीय संघनायक भिक्षु शाक्यानन्द महास्थविर (जन्म वि. सं. १९६७) को



Downloaded from http://dhamma.digital

देहावसान पछि २०५४ चैत्र २९ गते (बु. सं. २५४१ चैत्र पूर्णिमा) का दिन अखिल नेपाल भिक्षु महासंघले उहाँलाई आनन्द कुटी सीमागृहमा धर्म विनय अनुसार संघनायक पद प्रदान गरिएको थियो। उहाँ भिक्षु अनिरुद्ध बुद्ध धर्म प्रचार प्रसारको क्रममा श्रीलंका, थाईल्यान्ड, जापान, रुस, मंगोलिया, साइबेरिया, इंगल्याण्ड, बर्मा आदि राष्ट्रहरुमा पनि भ्रमण गर्नुभएको थियो।

उहाँ आफ्नो इच्छा विपरित कसैको दबाब वा बाध्यतामा सन् १९९१ मा काठमाडौ प्रवेश गर्नु भयो। काठमाडौं बसाईमा लेखन कार्यका अलावा आफू ८ वर्षको उमेरमा दिवंगत हुनु भएका आमाको संस्मरणमा मातातीर्थमा एउटा दिव्याश्रम बुद्ध विहार (हाल मातातीर्थ चतुब्रह्म बुद्ध विहार) निर्माण कार्यमा लाग्नु भयो। स्थानीय तथा अन्य उपासकउपासिकाहरुको सहयोगमा चन्दा संकलन गर्दै उहाँले उक्त विहार निर्माण गर्नुभएको थियो। उहाँलाई मातातीर्थ विहार निर्माणको क्रममा धेरै विध्नबाधाहरु आए। यस अवस्थामा तारावीर महर्जन, जोगलाल महर्जन आदि उपासक उपासिकाहरुले उहाँलाई साथ दिनु भयो। अन्यथा विहार निर्माण कार्य पनि कथिन हुने थियो। विहार निर्माण कै शिलशिलामा केहि दिन प्रहरी चौकीमा पनि थुनिनु भयो। दिव्याश्रम ध्यानकुटी बुद्ध विहारको नाममा स्थानीय उपासक उपासिकाहरुको साथ लिई कमिटि पनि स्थापना गर्नु भएको थियो। उहाँको अधुरो कामलाई पुरा गर्न हाल गठन भएको कमिटीका सदस्यहरु सक्रिय छन्। त्यस समयमा मातातीर्थमा स्नान गर्न जाने प्राय: मानिसहरु भिक्षु अनिरुद्धसँगै बुद्धपूजा, ध्यानादी



Downloaded from http://dhamma.digital

गरि जाने गर्दथ्यो । वहाँको जीवनको अन्तिम क्षण मातातीर्थमा नै बितको थियो । यसै अवस्थामा उहाँ विहार प्राङ्गणमा लड्नु भएको थियो । त्यसपछि उहाँलाई पहिले कहिल्यै देखा नपरेको, ८८ बर्षको अन्ततिर पक्षघात रोग लागेको थियो र तुरुन्तै वीर अस्पतालमा भर्ना गरिएको थियो । झण्डै १२ दिनको वीर अस्पतालको उपचारपछि वहाँको स्वास्थ्यमा सुधारहरु देखा परेता पनि पूर्णता भने पाएको थिएन । वीर अस्पतालबाट स्वास्थ्यलाभ पश्चात उहाँ विश्वशान्ति विहारमा रहनु भयो । त्यहाँ केहि दिनको आराम पश्चात फेरि स्वास्थ्यमा खराबी देखिएको श्रद्धेय भिक्षुबाट बौद्ध मुलुक थाइल्याण्ड गई स्वास्थ्य लाभ गर्ने आसय व्यक्त गर्नु भयो । उहाँको इच्छालाई परिपूर्ति गर्न ठमेलका श्रद्धालु साहु ज्ञान ज्योति कंसाकारबाट आवश्यक प्रबन्ध गरिदिनु भयो ।

सन् २००३ जनवरी १७ का दिन थाई विमानका सम्पूर्ण चालक दलका सदस्यहरुबाट क्रमबद्ध अभिवादन, बैंकक विमान स्थलमा संघनायक भिक्षु प्रति देखाइएको विशिष्ट अतिथि सद्भाव तथा आदरभावले भिक्षुको मन प्रसन्न भएको थियो ।

थाई राज्यबाट संचालित रोयल चुलालंकन मेडिकल युनिभर्सिटिको अति विशिष्ट कक्षमा निःशुल्क उपचारको व्यवस्था थाई संघराज भिक्षुका निजि सचिव नेपाली भिक्षु सुगन्धको प्रयासबाट गरियो । विशिष्ट श्रेणीका डाक्टरहरुबाट समेत घुँडा टेक्दै कोठामा प्रवेश गरि अभिवादन गर्दा उहाँको मन प्रसन्न हुन्थ्यो । बौद्ध मुलुक, बौद्ध आचारणबाट पूज्य भिक्षु अति नै प्रभावित र प्रसन्न हुनु



Downloaded from http://dhamma.digital

हुन्थ्यो। साथै सरकार र थाई जनताले आफुप्रति देखाएको सद्भाव र प्रेमबाट प्रसन्न भै कहिलेकाँहि आँखाबाट आँसु पनि झार्नु हुन्थ्यो। रोग क्रमिक सुधार भैरहेको थियो। १० औं दिनमा उहाँ आफ्नो नित्यकर्म गर्न कसैको पनि सहायत विना आफैं पनि गर्न सक्षम भैसक्नु भएको थियो। बुद्धको जन्मभूमिका संघनायक भिक्षुको दर्शन गर्न लालायित थिए, थाई जनता,। तत्कालीन थाइ उप-प्रधानमत्रीबाट थाई सरकार लुम्बिनीको विकास प्रयासमा सक्दो सहयोग गर्ने इच्छा रहेको जानकारी उहाँका निकट व्यक्ति मार्फत पाउनु भएको थियो।

जनवरी ३१ का दिन डाक्टरको सल्लाह बमोजिम स्वास्थ्य लाभ पश्चात बौद्ध देशलाई अभिवादन गरी बुद्ध जन्मभूमि नेपालमा फर्कनु भयो। आफुमा देखिएको सुधारबाट पूज्य भिक्षु सन्तुष्ट हुनुहुन्थ्यो। नियमित हिंड्डुल गर्नु हुन्थ्यो। वैंकक्को संस्मरण प्रत्येक शुभ चिन्तकहरुलाई हाँसी हाँसी सुनाउनु हुन्थ्यो।

वि. सं. २०५९ फागुण १ गतेदेखी नै उहाँ अलि गम्भीर देखिनु हुन्थ्यो। स्वरमा अलि मलीनता थियो। उहाँ भेट्न आउँने शुभ चिन्तकहरुलाई पनि भन्नहुन्थ्यो- "बुद्ध ८० बर्षमात्र जिवित रहे, म त ८८ पुगी सकें, अब बाँचेर के गर्ने ?"

नेपालका संघनायक भिक्षु अनिरुद्ध महास्थविर ८८ वर्षको उमेर पार गरी ८९ बर्षको उमेरमा २०५९ फाल्गुण ५ गते विहान ३:१५ वजे उहाँवाट परित्राण पाठ गर्दागर्दै आफ्नो प्राण त्याग्नु भयो। नेपालका बुद्धशासनिक क्षेत्रमा आजीवन समर्पित व्यक्तित्व



Downloaded from http://dhamma.digital

श्रद्धेय संघनायक भिक्षु विभिन्न भाषाका ज्ञाता हुनुहुन्थ्यो । उहाँले विशेषत: लुम्बिनीमा चार दशक भन्दा बढी दु:ख कष्टपूर्वक आफ्नो जीवन बिताउनु भएको थियो । यसरी नै नेपाल भाषा र नेपाली भाषामा उहाँद्वारा सम्पादित, अनुवादित तथा लिखित पुस्तकहरु पनि प्रकाशित भएका छन् ।

उहाँको अन्तिम दर्शनार्थ २०५९ फागुन ६ गते विहानसम्म विश्व शान्ति विहारमै राखी दिउँसो उहाँको पार्थिव शरीरलाई शव वहानमा राखी आर.एन.ए.सी.को प्राङ्गणमा पुऱ्याई त्यहाँबाट शवयात्रामा परिणत भई नगर परिक्रमा गरी स्वयम्भूको आनन्दकुटी विहारमा लगिएको थियो । शवयात्रामा भिक्षु, श्रामणेर, अनागारिका, लामा गुरुहरु, बज्राचार्य गुरुहरु, तथा विभिन्न ठाउँबाट आएका उपासक उपासिकाहरु, प्रहरी बैण्ड बाजा, परम्परागत बाजागाजा सहितको सहभागिता रहेको थियो । स्वयम्भूको परिक्रमापछि आनन्दकुटी विहारमा धार्मिक विधिपूर्वक दाह संस्कार कार्यक्रमको आयोजना गरिएको थियो । नेपालका उपसंघनायक भिक्षु सुबोधानन्द महास्थविर, अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बुद्धघोष महास्थविर, धर्मोदया सभाका अध्यक्ष भिक्षु अश्वघोष महास्थविर, आनन्दकुटी विहार गुठीका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविर लगायत वरिष्ठ भिक्षुहरुको उपस्थिति रहेको थियो ।

साथै देश विदेशका कूटनीतिज्ञ तथा उपासक उपासिकाहरुको बाक्लो सहभागितामा पञ्चशील प्रार्थना पश्चात मरणानुस्मृति पाठ गरी पाँसुकुल (मतकवस्त्र) दानपछि दिवंगत श्रद्धेय संघनायक अनिरुद्ध



Downloaded from http://dhamma.digital

महास्थविरको जीवनीको बारेमा भिक्षु कुमार काश्यप, तीर्थनारायण मानन्धर र गौतमवीर बज्राचार्यले भावपूर्ण मन्तव्य व्यक्त गरेका थिए। सोहि अवस्थामा बर्माका राजदूत ऊतेऊ र अन्य विशिष्ट व्यक्तित्वहरुबाट पुष्पाञ्जली अर्पण गर्नुभयो। त्यसपछि भिक्षु कोण्डञ्यले स्वदेश तथा विदेशबाट प्राप्त शोक सन्देशहरु वाचन गर्नुभएको थियो। सो कार्यक्रममा अन्तिम पुष्पाञ्जलि कार्यक्रम अ.ने.भि. महासंघका सह-सचिव भिक्षु बोधिसेन महास्थविरले संचालन गर्नुभएको थियो।

परिवार सदस्य सुजाता तुलाधर सहित सबैले पुण्यानुमोदन गरेपछि उहाँको पार्थिव शरीरलाई आनन्दकुटी विहारको पश्चिम तीर ख्वाउँबुङ्गाचा (चिसो कुवा) मा लगि अन्तिम संस्कार सम्पन्न गरियो। उहाँको चितामा सर्वप्रथम भिक्षुहरुबाट दागबत्ति दिइसकेपछि क्रमशः इच्छुक श्रामणेर, अनागारिका एवं उपासकोपासिकाहरुले समेत दागबत्ती दिनु भएको थियो। त्यसपछि उहाँको पार्थिव शरीर अनन्त लिलामा बिलिन हुने क्रममा शोकाकूल धूँवाको रुप लिई आकाशमा फैलिरहेको थियो .........।



Downloaded from http://dhamma.digital

# नेपाली विहारका विशेषताहरू

-भिक्षु सुदर्शन

"एवं मे सुतं एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे..........." सूत्रारम्भमा रहेका विहरति (बस्नु भएको छ) शब्दको अनुकरणबाट 'विहार' को व्युत्पन्न भएको थियो । शुरूमा विहार 'आराम' को एक अंग हुन्थ्यो । बुद्धको जीवितावस्थामा शान्त, स्वच्छ सघन बृक्ष छायाँयुक्त श्रमणहरूको विश्राम-भवनहरूलाई 'आराम' भन्ने गर्दथ्यो । यसको उदाहरण जेतवनाराम, घोषिताराम, पूर्वाराम र कपिलवस्तुको निग्रोधाराम हो, जुन प्राचिन वाङ्मयको अध्ययनबाट स्पष्ट हुन्छ । 'आराम' भन्नाले थुप्रै विहारहरू, बगैंचा, खुल्ला चौर आदिको संयुक्त नाम हो भन्ने बुझिन्छ। आरामभित्रै मूल गन्धकुटी हुन्छ, जहाँ भगवान बुद्ध विहार गर्नुहुन्थ्यो । मूल सूत्रमा जेतवनाराम आदि आरामहरूको धेरै पटक उल्लेख भएता पनि आरामको एकाई अर्थमा 'विहार'-हरूको उल्लेख पनि हुने गर्दछ। जस्तो कि 'बुद्धवंस' मा उल्लेख गरेको छ - "विहारवत्थुं भन्ते जानाहिनेति विहारस्स पतिट्ठानंट्ठानं भन्ते जानाहि । एत्थ च विहारो ति न सकल विहारो एको आवासो। तेनवाहं अयस्स विहारं कारापेस्सामीति।" अर्को रमाइलो कुरा के हो भने आजसम्म पुरातात्त्विक उत्खनन्मा पाईएका प्राचिन अभिलेखहरूमा आरामका अपेक्षा 'महापरिनिर्वाण विहार' र 'मुकुटबन्धन महाविहार' जस्ता विहारहरूको नाम पाइएका छन् । यसका मूल कारण 'आराम' विहारहरूको एक सामुहिक नाम हुनु हो ।



Downloaded from http://dhamma.digital

नेपाल उपत्यकामा रहेका विहारहरूको प्राचिन ऐतिहासिक क्रम आजसम्म स्पष्ट भएको छैन। स्वयम्भू पुराण र बृद्ध स्वयम्भू पुराण बुद्धको नेपाल आगमनको कुरा त उल्लेख गर्दछ तर बुद्ध कुन विहारमा बस्नुभएको छ भन्ने कुरा स्पष्ट गर्दैन। यी पुराणहरूले पूर्व बुद्धहरूलाई पहाडको शिखरमा बसाले जस्तै गौतम बुद्धहरूलाई पनि स्वयम्भू स्तूप अगाडी बस्नुभएको उल्लेख गर्दछ, परन्तु यसले विहारहरूको नाम बुद्ध र बुद्धको भिक्षु परिषदलाई प्रदान गर्न सकेको छैन।

ऐतिहासिक प्रमाण्य श्रोतको आधारमा भन्ने भए 'सुगत शासन पक्षपाति' वृषदेवको समयसम्म विहार भएको हुनुपर्दछ। कारण विना बौद्ध बिहार कुनै राजा सुगत-शासनको कालसम्म 'श्रीमान विहार' बनिसकेको छ। गोपाल-वंशावलीको 'श्री मानदेव..........तेन स्वनामेन मानविहार प्रतिष्ठित' उल्लेख लिपि अनुसार चाँगुको स्तम्भ लेखभन्दा अलि पुरानो देखिएको चायबहिलको अभिलेखमा '.............संघस्स मत्तयाथं' भन्ने उल्लेखको आधार मा विद्वानहरूले स्वयम्भुको '................क्षत्रश्चाक्षत्र दत्तं श्रीमान विहारे' बाट राजा मानदेबले श्रीमान विहार बनाएको कुरा प्रमाणित गर्दछन्।

यसका अतिरिक्त लिच्छविकालका अभिलेखबाट लिच्छवि युगमा थुप्रै विहारहरू भएको कुरा सिद्ध गर्दछ। ने.सं. ४० को अष्टसहश्रिका प्रज्ञापारमिता पुस्तकमा उल्लेख गरेका जस्ता विहार-हरूको नाम संकलन गरे 'नेपालको धार्मिक इतिहास' को विहार-हरूको सूचिभन्दा विहारहरू थुप्रै भएको देखापर्दछ।



Downloaded from http://dhamma.digital

लिच्छविकालमा बौद्ध विहारको प्रतिष्ठा र विहारको जनकल्याणकारी कार्यक्रम साह्रै माथिल्लो स्तरको थियो । त्यसैले राजकीय सहयोगमा बौद्ध विहारहरूको स्थान धेरै सम्मानित भएको देखिन्छ । दोलाशिखर स्वामीलाई जस्तै गुंविहार, श्रीमानविहार, श्री राजविहार, खर्जुरिका विहार, मध्यम विहारलाई पनि प्रति विहार ६ पुराण २ पण राजकीय सहयोग पाएको हाडिगाउँको अभिलेखबाट प्रमाण हुन्छ ।

लिच्छविकालका यी प्रसिद्ध एवं शिक्षण केन्द्र विहारहरू आज कहाँ कहाँ छन् निश्चित रूपमा भन्न सकेको छैन । 'गुंविहार' लाई साँखु स्थित बज्रयोगिनीसित सम्बन्ध देखाउने प्रयास भइरहेको छ। १२ औं शदीको प्रसिद्ध तिब्बती विद्वान धर्म स्वामीले भिक्षुहरू भएको र विना भिक्षुको थुप्रै विहार काठमाडौं उपत्यकामा भएको कुरा उल्लेख गर्नुभएको छ । तर ती विहारहरूलाई हाम्रा वर्तमानकालका विहारहरूसँग अझसम्म तादात्म्य सम्बन्ध राखेर व्याख्या गर्न सकेको होइन । काठमाडौं उपत्यका बाहिरका विशेषत उत्तरी भेकका र पश्चिमी नेपालका विहारहरूतिर अझसम्म हाम्रो ध्यान जान सकेको छैन । कमसेकम एघार सय वर्ष पुराना दानवताल र काँक्रे विहार धेरै कलात्मक र विशाल भएर मात्र महत्त्वपूर्ण छैन । अपितु यो हाम्रो सांस्कृतिक प्रसारको बाटो देखाउने केन्द्रको वीच वाटोमा भएकोले पनि मूल्यवान भएको छ ।

नेपाली बौद्ध विहारका विशेषताहरूलाई दुई आयामवाट विवेचना गर्नु युक्तियुक्त देखिन्छ । ती दुई आयामहरूमा पहिलो



Downloaded from http://dhamma.digital

आयाम नेपाली विहारमा विद्यमान ती विशेषताहरू - जसले प्राचिनतम बौद्ध विहार र संस्कृतिसँग तादात्म्य वा अनुकरण भाग सम्बन्ध देखाउँछ तथा अर्को आयाममा नेपाली बौद्ध विहारका विद्यमान ती विशेषताहरू जुन बौद्ध दर्शन संस्कृतिको विशेषत: समयगत र देशगतरूपमा विकसित कलात्मक पक्ष हो ।

नेपाली बौद्ध विहारको विशेषतामा पहिलो आयामबाट विचार गर्दा विचार गर्नुपर्ने तत्वहरू -

चतुष्कोण चोक

खुल्ला दलान

विहारको चारैतिरको पेटी

मुख्य प्रतिमाको अलग कोठा हुनु

विहारको चारैतिरका घरहरूमा अन्तर्गत बाटो नहुनु ।

विहारको चौकबिचको चैत्य

विहारको चतुष्कोण चोक बौद्ध विहारको एक विशेषता हो । सारनाथ, कुशीनगर, लुम्बिनी तथा पिपरहवाको विहारका अवशेषबाट यसको प्राचिनता सिद्ध गर्दछ । नेपालका बौद्ध विहारहरूले आजसम्म यस विशेषतालाई कायम गरिएको छ । वर्तमान समय चतुष्कोण रूपमा देखानपरेका पनि इतुम्बहाल, टेबहाल र नागबहाल मूलत: चतुष्कोण नै छ ।

बहाल वा बहिलका यी चतुष्कोण आज प्राय: चिकँ ईंटाले छापेको हुन्छ । कतै कतै ढुङ्गाले छापेको हुन्छ । यहाँ घाँस नउम्रने काई नपर्ने हुन्छ । यी बौद्धहरूको परम्परागत वास्तुकला प्रविधि



Downloaded from http://dhamma.digital

हो। बर्माको आनन्दफया, कम्बोडियाको अंकोवाट र इण्डोनशियाको बोरोबुदुरमा पनि यी विशेषताहरू देखिन्छ।

खुल्ला दलान : विहारको भूमि तल्लाका मुख्य प्रतिमाको दिशामा बाहेक तीनै दिशाको दलान खुल्ला हुन्छन्। यसले खुल्ला ठाउँमा बसेर बुद्धको उपदेश सुन्ने वा सामुहिक रूपमा ध्यानादि गर्ने प्राचिन युगको दृश्य हाम्रो सामु ल्याइदिन्छ। किनभने पहिले पहिले आज जस्तो हल परम्परा थिएन। राम्रो मौसम र घाम चाहेको अवस्था विहारको बीचको खुल्ला चोकले काम दिए, अन्य मौसममा यस दलानले काम दिन्थ्यो। यी चारै दिशामा दलानहरू अलग अलग रूपमा विभाजित गरेका हुन्छन् र यसको पछाडी पट्टिबाट झ्याल ढोका हुँदैन। जहाँसम्म विहारको मुख्य द्वारको सामुन्ने पर्ने दिशामा एकातिर कुनामा एउटा द्वार हुन्छ। त्यो आजकल पनेरामा जाने वा ननि वा अर्को चोकमा जाने बाटो भए उहिले ध्यानार्थ छायामय उद्यान जाने बाटो हो।

विहारको चारैतिरको पेटी विहारको अर्को विशेषता हो। पाइएका पुराना पुराना विहारहरूको अवशेषमा पेटी त पाइएको छैन, परन्तु मूल चोकपछि चारैतिरको कोठाको अगाडी केही ठाउँ स्पष्ट देखापर्दछ। यो पेटी हुँदोरहेछ। पेटीले गर्दा चोक भई कोठाहरूमा जानुपर्ने हुँदैन। एक कोठाबाट अर्को कोठामा जाँदा पेटीबाट मात्रै जाने गर्दछन्। यो पेटी इरियापथ भावना वा चंक्रमण आदि बौद्ध क्रियाका लागि पनि उपयोगी हुन्थ्यो।

मुख्य प्रतिमा राख्न एक अलग कोठा हुन्छ र यो कोठा अरू



Downloaded from http://dhamma.digital

कोठाको तुलनामा ठुलो पनि हुन्छ। बुद्ध बस्ने कोठालाई पहिले मूल गन्धकुटी भन्दथे। यो आरामभित्र रहेता पनि अलग रहने गर्दथ्यो बुद्धलाई एकान्त, शान्त कोठाको अवस्था हुने प्राचिन परम्परा आज पनि नेपाली बहाल परम्पराले मुख्य प्रतिमाको लागि अलग कोठाको व्यवस्था गरेर जोगाई राखेको देखिन्छ। यो मुख्य कोठा सधैं नै विहारको मुख्य द्वारको सामुन्ने हुन्छ। ढोकाबाट पस्ने बित्तिकै यसले गर्दा बुद्धको दर्शन दिनेछ।

विहारमा एउटै मात्र ढोका हुनु यसको अर्को विशेषता हो आजसम्म पाइएका बौद्ध विहारहरूको भग्नावशेषको पर्खालमा पनि पछाडी पट्टिबाट त्यस्तै बन्द भएको देखिन्छ। विहारको यो गुप्तावस्थाको लक्ष्य विहारलाई बाह्य वातावरणबाट मुक्त र सुरक्षित गर्नु नै हो।

विहारको चोक परिधि बीचमा जुन साना ठूला चैत्य हुन्छन् त्यो बुद्धकालीन पछिको प्राचीन विहारको परम्परा हो। वास्तवमा बुद्धको महापरिनिर्वाणपछि अवशेष राखेर बनाइएका धातु चैत्य र त्यसपछिका परिभोग चैत्य एवम् धर्म चैत्यको चारैतिर अघि जस्तै विहार बनाउन थालेको थियो।

अब हामी अर्को आयामबाट नेपाली विहारका विशेषताहरू बारेमा विचार गर्दछौं। नेपाली विहारका यी विशेषताहरू समयगत र देशगत रूपमा क्रमशः कलात्मक रूपमा विकास भएको देखिन्छ।

१) ढोका बाहिर दायाँ बायाँ रहने दुई सिंह।

ढोकाबाट पस्ने बित्तिकै देखिने गणेश, महाँकाली र हारती।



Downloaded from http://dhamma.digital

मुख्य ढोकाको तोरण ।

प्रवेश द्वारबाट विहारभित्र पस्ने बित्तिकै बाटोको दायाँ बायाँ हुने फलेचाहरू ।

टुँडाल र भिरालो छाना ।

दुई तल्ले विहार र तिनका झ्यालहरू ।

गजुर वा छानामाथि रहने चैत्यहरू ।

विहार अगाडि पछाडिका चौक ।

मुख्य देवताको विविधता ।

इनार ।

प्रत्येक बहालमा मुख्य द्वार बाहिर दायाँ बायाँ दुई सिंह रहेका हुन्छन् । शाक्यसिंह तथागतको विहारद्वारमा दायाँ बायाँ सिंह रहेको साह्रै प्रतिकात्मक अर्थ लाग्दछ । यसको अर्थ यो होइन कि ढोका बाहिर सिंह राख्ने नेपालको आफ्नै मौलिक विशेषता हो । किनभने यस्तै सिंह थाइल्याण्ड, बर्मा र चीन आदि देशका मध्यकालीन विहारमा पनि पाइएका छन् । अशोकको स्तम्भ माथि रहने सिंहबाट यसको प्राचिनता सिद्ध गर्दछ । कुनै कुनै विद्वानको विचार अनुसार सिंह बहालमा मात्र हुन्छ, बहिलमा हुँदैन ।

सिंह जस्तै गणेश, महाँकाल प्रत्येक बहाल बहिलामा अनि अजिमा प्राय: विहारमा हुन्छ । थाइल्याण्ड, चीन आदि देशका बौद्ध विहारमा जुन विशालकाय दण्डधारी धर्मपाल हुन्छ यही देवताहरू नेपालको वास्तवमा धर्मपालहरू हुन् । त्यस्तै नेपाली बच्चाहरूको रक्षासँग हारती सम्बन्धित हुन्छ । यी देवताहरू विहारका लागी पनि



Downloaded from http://dhamma.digital

अनिवार्य अङ्ग हुन्, मूर्ति बनाएर राख्न नसकेको खण्डमा कपडामा छापेर भएपनि विहारमा राख्ने गरिन्छ ।

विहारको मुख्य प्रवेश द्वारमा काठको वा ढुङ्गाको एक कलात्मक तोरण हुन्छ । यी तोरणहरूमा धातुका पाताले प्रतिकृतिका साथ मोरेको पनि हुन्छ । तोरणमा भएका क्षपु आदि अनेक विशेषतातिर व्याख्या नगरेता पनि एक मुख्य कुरामा हामीले जरूर ध्यान दिनु पर्दछ । तोरणको मुख्य कुरा वास्तवमा मूल देवताको अनुकृतिको बाहिर प्रस्तुत गर्नु ।

मूल देवताको दर्शन गर्न नसकिने वा नपाउने अवस्थामा तोरणको मूर्तिले दर्शकलाई सान्त्वना प्रदान गर्दछ । किनभने तोरण मुख्य भागमा त्यही देवता हुन्छ । जुन देवता कि मुख्य मन्दिरभित्र हुन्छ । प्राय: बौद्ध विहारमा शाक्यमुनि बुद्ध तोरणमा हुन्छ, तापनि इटुं बहालमा मार विजय लायकू बहिलमा बुद्धको लुम्बिनी यात्रा र छुस्या बहालमा प्रज्ञा पारमिता भए जस्तै कतै कतै तोरणमा अन्य देवता नभएको पनि होइनन्, प्राय: बहिलहरूमा तोरण हुँदैन । यही बहाल र बहिल छुट्याउने एक आधार पनि हो ।

प्रवेशद्वारबाट विहारभित्र पस्ने बित्तिकै प्रवेश द्वारको बाटो छाडेर यसैको दायाँ बायाँ दुईवटा फलेचा हुन्छन् । यसको उपयोगिता बहुपक्षीय हुन्छ । यहीं बसेर ‘गुंलाधर्म’ मा वा पर्व दिनमा दाफा भजन, स्तोत्र पाठ हुन्छ भने प्रत्येक दिनमा देवपालालाई रक्षार्थ सहयोग गर्न राति पालो सुत्न आउनेहरू यहीं सुत्ने गर्दछन् । दिउँसो यहाँ खुल्ला आराम लिने गर्दछन् भने ‘बहीद्यो: ब्वयेगु’ जस्ता धार्मिक



Downloaded from http://dhamma.digital

कलात्मक प्रदर्शनी पनि हुने गर्दछ।

भिरालो छाना प्रत्येक विहारको अर्को विशेषता हो। यो भिरालो छानालाई पैंतालिस डिग्रीको कोणमा तेर्स्याएर राखेको टुँडाल वा वास्तबमा नेपाली कलाको विशेषतालाई दर्शाउने आधार भएको छ। विभिन्न देवदेवीहरूका मूर्तिहरू पाप-पूण्यका दृश्यहरू र मानव जीवनका सामाजिक आकृतिहरू दर्शाउने यो टुँडाल कलाकारहरूको लागी नेपालको कलात्मक आधार स्तम्भ पनि हो। श्री शिवदेब संस्कारित श्री रूद्रवर्ण महाविहारको ५ वटा टुँडालहरू, इटुं बहालका २ वटा टुँडालहरू र यट्खा बहालका ३ वटा टुँडालहरू अत्यन्तै कलात्मक हुनुका साथै प्राचिनताको दृष्टिकोणबाट पनि उल्लेख भएको यस प्रसङ्गमा स्मरणीय छ।

दुई तल्ला हुनु नेपाली विहारको अर्को विशेषता हो। माथिल्लो तल्ला प्रत्येक दिशामा आ-आफैंमा स्वतन्त्र छन्। माथि उक्लने भऱ्याङ्ग पनि यसैकारण अलग हुन्छन्। मुख्य देवताको माथिल्लो तल्लाको कोठामा कुलदेवता हुन्छन्। माथिल्लो तल्लामा कुलदेवता हुने परम्पराले स्थविरवादि धर्मपछि महायानीधर्मको आगमन भएको तथ्यलाई पनि प्रमाणित गर्दछ। अर्को कुरा माथिल्लो तल्लामा झ्यालहरू विहारको चोकतिर मात्र हुन्छन्। त्यो पनि सा-सानै र प्रायः बहिलको झ्याल भिरालो रूपमा बाल्कोनी भएको तिकिझ्या रूपमा हुन्छ।

नेपाली विहारमा मुख्य देवता भएको दिशातिरको छानामा गजुर हुन्छ। कतै एक तल्लामा सा-साना चैत्य राखेर फेरी माथिल्लो



Downloaded from http://dhamma.digital

तल्लामा ठूला ठूला चैत्यहरू राखेका हुन्छन्। यी चैत्यहरू जहिले पनि विजोर संख्यामा हुन्छन्। बीचको चैत्य ठूलो हुन्छ।

प्रायः बहिलको छानामा सानो देगल जस्तै एउटा चतुष्कोणको गजुरको रूपमा निर्माण भएको हुन्छ। कसैको विचारमा यही बहिलको विशेषता हो। तर हिरण्यवर्ण महाविहार पाटनमा जस्तै कुनै कुनै बहालमा मुख्य देव प्रतिमातिरको छानामा चैत्य र कुनानिरको छानामा फेरी बहिलमा जस्तो चतुष्कोण देगल गजुर पनि नभएको होइन। प्रतिस्थापित गरेको देखिन्छ। प्रायः बहालहरूमा शाक्यमुनि बुद्धको अर्को एउटा सानो बुद्धप्रतिमा राख्ने नेपाली परम्परा छ। लोक प्रचलन रूपमा यस सानो प्रतिमालाई राहुलभद्र भन्ने गर्दछ। कुनै कुनै बहिलमा मैत्रेय बुद्धको प्रतिमा पनि हुने गर्दछ जस्तो वकु बहिलमा।

प्रत्येक विहारमा इनार हुनु र निकाशा हुनु नेपाली विहारको अर्को विशेषता हो। इनार नित्य पूजाका लागी आवश्यक अङ्ग भए, निकासा विहार सुरक्षाका लागी अनिवार्य व्यवस्था हुन्।

**-समाप्त-**



Downloaded from http://dhamma.digital

# स्मृतिका पानाहरुबाट ............



प्रणिधिपूर्ण महाविहारमा कथिन चिवरदान कार्यक्रममा
सहभागी हुँदै भिक्षु अनिरुद्ध महास्थविर ।




अन्नप्राशन कार्यक्रममा भिक्षु अनिरुद्धले
बच्चालाई अन्न खुवाउँदै ।

Downloaded from http://dhamma.digital

# स्मृतिका पानाहरुबाट ............



प्रणिधिपूर्ण महाविहारमा
भिक्षु अनिरुद्ध बुद्ध पूजा गर्दै ।




आनन्दकुटी विहार स्वयम्भूमा
बालबालिकाहरुसँग भिक्षु अनिरुद्ध



बलम्वु बौद्ध महिला पुचःले २०५९ सालमा आयोजना गरेको
कथिन चिवर दान कार्यक्रममा भिक्षु अनिरुद्ध महास्थविर
कथिन चिवर ग्रहण गर्नु हुँदै ।

Downloaded from http://dhamma.digital

प्रकाशक :
बौद्ध अध्ययन पुचः परिवार, बलम्बु



Downloaded from http://dhamma.digital